# लोक सेवा आयोग
## नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/०१/२०

समय: ३ घण्टा | पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: सेवा सम्बन्धी

**तलका प्रत्येक प्रश्नको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।**

१. नेपालको संविधानले कुनै पनि व्यक्तिलाई मौलिक हकको रूपमा न्याय सम्बन्धी हक र सो को उपचारको मार्गसमेत प्रदान गरेको पाइन्छ। न्यायसम्बन्धी हक मध्ये चुप रहन पाउने अधिकार (Right to remain silence) लाई नेपालको संविधानले के-कस्तो रूपमा सुनिश्चित गरेको छ? फौजदारी विषयक मुद्दामा कोही आरोपित व्यक्तिले अनुसन्धानका क्रममा वा अदालतको काम कारबाहीमा समेत चुप रहने अधिकार माग गरी बयान नै नदिएमा तत् मुद्दामा प्रमाण पर्याप्तताको स्थिति के हुन सक्छ? चर्चा गर्नुहोस्। १५

२. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ ले मुद्दामा प्रतिवादीले हकदैया, हदम्याद वा क्षेत्राधिकारको प्रश्न उठाएमा प्रमाण बुझ्ने आदेश गर्नु अगावै प्रारम्भिक सुनुवाई गरी सो प्रश्नको निरूपण गर्नुपर्ने व्यवस्था गरेको छ। प्रारम्भिक सुनुवाई गरी अदालतले हकदैया, हदम्याद वा क्षेत्राधिकार रहेको भनी आदेश गरेमा सो संहिताको दफा १५७ बमोजिम निवेदन गर्न सक्ने व्यवस्था रहेको छ। यसबाट हकदैया, हदम्याद वा क्षेत्राधिकार नभएको भन्ने आदेश भएमा वादी पुनरावेदन जान पाउने तर हकदैया, हदम्याद वा क्षेत्राधिकार भएको आदेश गरेमा प्रतिवादी पुनरावेदन जान नपाउने भन्ने मुलुकी देवानी संहिताको प्रावधानले मुद्दाका पक्षहरूबीच असमान परिणाम देखिन आयो। यसबाट पक्षहरूबीच न्यायको पहुँचमा असर पर्ने अवस्था हो वा होइन? संहिताको दफा १५७ बमोजिम गरेको निवेदनमा भएको आदेशमा चित्त नबुझाउने पक्षले के कसरी उपचार पाउन सक्ने अवस्था रहन्छ? सो विषयमा सुरु अदालतमा वा पुनरावेदनमा जिकिर लिन मिल्छ वा मिल्दैन? यस सम्बन्धमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या र प्रतिपादित सिद्धान्तसमेतका आधारमा आफ्नो दृष्टिकोण राख्नुहोस्। २०

३. नेपालमा संविधान तथा प्रचलित अन्य कानूनहरूले देशमा सुशासन कायम गर्न विभिन्न कानूनी र संस्थागत प्रबन्धहरू गरेका छन्। नागरिकहरूको सुशासन र भ्रष्टाचारमुक्त शासन प्रतिको आवाज दिनानुदिन तिब्ररूपमा बढिरहेको छ। तथापि देशमा सुशासन र सार्वजनिक सेवा प्रवाह साह्रै कमजोर रहेको भन्ने आम नागरिकको गुनासो, सञ्चार माध्यममा प्रकाशित समाचार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा क्रियाशिल संस्थाहरूको प्रतिवेदन समेतबाट देखिएको छ। यस्तो अवस्था सृजना हुनुका प्रमुख कारणहरू र तिनको समाधानका लागि अवलम्बन गर्नुपर्ने व्यवहारिक र प्रभावकारी उपायहरू प्रस्तुत गर्नुहोस्। १०+१०=२०

४. दक्षिण एशियाका देशहरूबीच सामूहिक आत्मनिर्भरतालाई अभिबृद्धि र सुदृढ गर्ने, आर्थिक बृद्धि, सामाजिक प्रगति तथा सांस्कृतिक विकासमा तीव्रता ल्याउने र सबै मानिसलाई स्वाभिमान साथ रहने तथा उनीहरूलाई आफ्नो पूर्ण क्षमताको महसुस गराउने अवसर प्रदान गर्ने, आपसी विश्वास, एक अर्काका समस्याहरूप्रति समझदारी बढाउने, आर्थिक, सांस्कृतिक, प्राविधिक, सामाजिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहयोग र आपसी सहायता प्रबर्द्धन गर्ने, आपसी साझा हितका मामिलामा अन्तर्राष्ट्रिय मञ्चहरूबीच सहयोग सुदृढ गर्ने र दक्षिण एशियाका जनताको हित अभिबृद्धि तथा जीवनस्तर सुधार गर्ने जस्ता उद्देश्य सहित दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) को स्थापना सन् १९८५ डिसेम्बर ८ मा भएको हो।

यस सन्दर्भमा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन आफ्ना उद्देश्यहरू हाँसिल गर्न के-कुन हदसम्म सफल रहेको ठान्नुहुन्छ ? समालोचनात्मक प्रस्तुती दिँदै, यस संगठनको वर्तमान अवस्थाको विश्लेषण र यस संगठनमा देखिएका समस्याहरू पहिचान गरी ती समस्या समाधानका उपायहरू प्रस्तुत गर्नुहोस्। ५+४+४+७=२०

५. सगरमाथा विकास बैंक भक्तपुरका मेनेजर वर्ष ४९ का अमिर टन्डनले बैंकिङ कसूर गरेको भनी परेको जाहेरीका आधारमा पक्राऊ गरी अनुसन्धान, तहकिकात भई निजउपर बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ७ को खण्ड (क), (ख), (ग), (ज) र (झ) अन्तर्गतको कसूर गरेको भनी सोही ऐनको दफा १५ बमोजिम कैद र बिगो पाँच करोड रुपैयाँ भराई बिगोबमोजिम जरिवानासमेत हुन उच्च अदालत पाटनमा अभियोगपत्र दायर भएको छ। अभियोग दावीबमोजिम तीन वर्षसम्म कैद सजाय हुन सक्ने अवस्था छ। अनुसन्धान तहकिकातको क्रममा बयान गर्दा सावित भएको र अनुसन्धान प्रक्रियामा सहयोग गरेको भनी सजायमा आंशिक छुटको दावीसमेत अभियोजकले लिएको अवस्था छ। अभियोगपत्र साथ अदालतमा उपस्थित गराइएका प्रतिवादी अमिर टन्डनको बयान हुँदा आंशिक साविति रहेकाले अभियोजकले सजायमा छुटको दावी फिर्ता लिन निवेदन दिएको छ। उच्च अदालतबाट भएको थुनछेक आदेशमा प्रतिवादी तत्काल प्राप्त प्रमाणका आधारमा कसूरदार हुन् भन्ने देखिएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८/७२ बमोजिम एक करोड पच्चीस लाख रुपैयाँ धरौटी नगद वा बैंक जमानत दिए लिई तारिखमा राखी मुद्दाको पूर्पक्ष गर्न पाउने गरी आदेश भएको छ।

सो आदेशानुसार बैंक ग्यारेण्टी बुझाई सोही संहिताको दफा ७४ बमोजिम कागजसमेत गरी निज प्रतिवादी पूर्पक्षमा तारिखमा रहेका छन्। मुद्दाको कारवाहीको क्रममा प्रत्येक पन्ध्र दिनमा अदालतमा तारिखमा धाईरहनु परेकोले निजलाई झन्झट महसुस भएको छ। विदेश जाने आउने गरिरहने गरेका निज प्रतिवादी विदेश त के, १५ दिन लामो अवधि काठमाडौं उपत्यका बाहिर पनि जान पाउदैनन्, तारिख गुज्रिहाल्छ, थमाउने म्याद अवधि पनि छैन। मुद्दामा सबै प्रतिवादी हाजिर भइसकेका छैनन्, प्रमाण बुझ्न त बाँकी नै छ। प्रतिवादी अमिर टन्डनलाई जापानमा रहेका छोरा बुहारीलाई भेट्न जान मन छ, त्यहि मेसोमा स्वास्थ्य चेक जाँच उपचार गराउन पनि मन छ। मुद्दा फैसला हुन अनिश्चित रहेकाले र आफू जापान जानुपर्ने भएकाले तारिखमा नरहन पाऊँ वा तारिखमा बस्नुपर्ने भए मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९५ बमोजिम वारिस राख्न अनुमति पाऊँ भनी निज प्रतिवादीको निवेदन परेको छ। सो निवेदनमा के-कस्तो निकासा दिन उपयुक्त होला ? मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८, ७२ को धरौटी माग्नेसम्बन्धी व्यवस्था, दफा ७४ को आफै तारिखमा रहनुपर्ने व्यवस्था, दफा ७५ को तारिखमा उपस्थित नभई गुजारेमा धरौटी जफत हुने व्यवस्था, दफा ८४ को पक्षको सुविधालाई विचार गरी तारिख तोक्नु पर्ने अवस्था, दफा ८५ को तोकिएको तारिखमा उपस्थित हुनुपर्ने भन्ने, परिच्छेद-९ को वारिसको वारिससम्बन्धी व्यवस्था, दफा ९५ को वारिस नियुक्त गर्न अनुमति दिन सकिने विशेष व्यवस्था तथा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १८ को बैंकिङ कसूर मुद्दा उपरोक्त संहिताको अनुसूची-१ मा समावेश भएको मुद्दा मानिने व्यवस्थासमेतको आधारमा कानूनी व्यवस्थाको विश्लेषण गरी फौजदारी विधिशास्त्रीय दृष्टिकोण, सम्बद्ध उपरोक्त दफाहरू लगायतमा रहेका कानूनी प्रबन्धहरूसमेत उल्लेख गरी तर्कपूर्ण निकासा र निष्कर्ष प्रस्तुत गर्नुहोस्। २५

<<समाप्त>>